प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २३१ ॥ २०८२ असोज २६ गते आईतबार (12th Oct 2025 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

# लुटिएका एसएलआरको ५५ राउण्ड गोली फेला

झापा(प्रस) । जेनजी आन्दोलनका क्रममा लुटिएका एसएलआरको ५५ राउण्ड गोली झापाको कमलमा फेला परेको छ ।
शुक्रवार साँझ ७ बजे कमल गाउँपालिका वडा नं.-७ रंगपुर बस्ने ५५ वर्षीय गंगाप्रसाद पाण्डेले केराको पात काट्ने क्रममा आफ्नो खेतबारीमा सेतो बोरामा गोली फेला पारेका हुन् । उनले बोरा खोली हेर्दा गोली रहेकाले प्रहरीलाई खबर गरेका थिए ।

शनिवार बिहान इलाका प्रहरी कार्यालय दमकबाट गएको प्रहरी निरीक्षक नवीन राईको टोलीले एसएलआरको गोली ७.६२ एमएम ५५ राउण्ड बुझेको थियो । ती गोली इलाका प्रहरी कार्यालय दमकमा राखिएको छ । जेनजी आन्दोलनका क्रममा झापामा प्रहरीबाट लुटिएका २४ थान हतियार , ५६९० वटा गोली र १८० सेल अश्रुग्यास गायव



भएको छ ।
आन्दोलनकारीहरुले इलाका प्रहरी कार्यालय बिर्तामोड र इलाका प्रहरी कार्यालय दमकबाट लुटेका विभिन्न हतियार फिर्ता गरेपनि त्यति हतियार फिर्ता नगरेको प्रहरी स्रोतले जनाएको छ ।
इलाका प्रहरी कार्यालय दमकबाट लुटिएका लामो हतियार( एसएलआरलगायत) -१४ थान र त्यसको गोली ४ हजारभन्दा बढी , सानो हतियार( पेस्तोल-रिभल्वर)- २ थान र त्यसमा लोड गरिएको ४० राउण्ड गोली , सर्टगन/ग्यासगन- ४ थान र त्यसको १८० सेल ग्यास फिर्ता गरिएको छैन । त्यस्तै इलाका प्रहरी कार्यालय बिर्तामोडबाट लुटिएका लामो नाल( एसएलआर)- १ थान र त्यसको १५०० भन्दा बढी गोली , सानो हतियार( पेस्तोल-रिभल्वर)-३ थान र त्यसमा प्रयोग हुने १५० भन्दा बढी राउण्ड गोली फिर्ता नगरी गायव बनाइएको प्रहरी स्रोतले जनाएको छ । मानवअधिकारवादीहरुको रोहवरमा आन्दोलनकारीहरुले फिर्ता गरेको ८५ थान हतियार चारआलीस्थित अरिदमण गणले प्रहरीलाई जिम्मा लगाएको थियो ।

# इप्रका दमकबाट हतियार लुट्ने लागूऔषधसहित पक्राउ

झापा(प्रस) । इलाका प्रहरी कार्यालय दमकबाट हतियार लुट्ने लागूऔषधसहित पक्राउ परेका छन् । शनिवार साँझ दमकबाट लागूऔषधसहित ८ जना पक्राउ परेका छन् । त्यसमध्ये एकजना इप्रका दमकबाट हतियार लुट्ने युवक हुन् ।

साँझ ५ बजे दमक वडा नं. ३ वेलडाँगी भुटानी शरणार्थी शिविर सेक्टर ए३, हट नं. ३५३ बस्ने साजन थापाको घरमा लागूऔषध बिक्री वितरण गर्दै गरेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले घर कोठामा खानतलासी गर्दा बिक्रीको लागि तयारी गर्दै गरेको अवस्थामा चस्माको खाली



खोलभित्र लुकाई छिपाई राखेको प्लाष्टिकबाहेक ७ ग्राम ८०० मिलिग्राम ब्राउनसुगर बरामद भएको थियो ।
सो लागूऔषधसहित ८ जना पक्राउ परेका हुन् । पक्राउ पर्नेहरुमा दमक वडा नं. ३ वेलडाँगी भुटानी शरणार्थी शिविर सेक्टर ए३, हट नं. ३५३ बस्ने बर्ष २७ का साजन थापा, इलाम चुलाचुली वडा नं.३ बस्ने बर्ष ३२ का दिपेश तामाङ ,चुलाचुली वडा नं. ३ बस्ने बर्ष ३२ का सनम राई , दमक .वडा नं. ३ बस्ने बर्ष १८ का आदित्य लिम्बू , दमक वडा नं. ३ बस्ने बर्ष १९ का पविन विश्वकर्मा , दमक वडा नं. ३ बस्ने बर्ष २५ का सुचन दर्जी ,दमक वडा नं. ३ वेलडाँगी भुटानी शरणार्थी शिविर सेक्टर बी२, हट नं. १९१-१९२ बस्ने बर्ष २५ का बिजय माझी र मोरङ मिक्लाजुङ वडा नं. ८ बस्ने बर्ष २० का निश्चल पोर्तेल रहेका छन् ।

लागूऔषधसहित पक्राउ पर्ने दमक ३ का आदित्य लिम्बू जेनजी आन्दोलनमा इप्रका दमकबाट प्रहरीको हतियार लुट्ने कार्यमा संलग्न रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । त्यस्तै निश्चल पोर्तेल इलाका प्रहरी कार्यालय उर्लाबारी मोरङमा लागूऔषध मुद्धामा अनुसन्धानको क्रममा रहेकोमा जेनजी आन्दोलनको क्रममा हिरासतबाट भागी उनी फरार भएका थिए ।

# पुनस्र्थापनालाई तत्काल प्राथमिकता– मन्त्री घिसिङ

झापा(प्रस) । भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले इलाममा बाढीपहिरोका कारण भएको मानवीय र भौतिक क्षति 'नसोचेको विपद्' भएको बताएका छन् ।
शनिबार इलाम पुगेका मन्त्री घिसिङले जिल्ला विपद् व्यवस्थापन समिति बैठकमा इलामलाई संकटग्रस्त क्षेत्र घोषणा भइसकेको भन्दै पुनस्र्थापनालाई तत्काल प्राथमिकतामा राखेर काम अघि बढाइने स्पस्ट पारे । 'यो विपद् हाम्रो नियन्त्रणभन्दा बाहिरको कुरा हो,' उनले भने, 'तर अब तीनै तह – संघ, प्रदेश र स्थानीय – मिलेर पुनर्निर्माणमा गम्भीर भएर लाग्न जरुरी छ ।'मन्त्री घिसिङले बाढी प्रभावित क्षेत्रमा ठेकेदारहरूले काम नगरी आयोजना बन्धक बनाउने अभ्यास अन्त्य हुने चेतावनी पनि दिए । 'कुनै ठेकेदारले काम नगरी आयोजना होल्ड गर्न पाउँदैन, यस्ता ठेकेदारमाथि तत्काल कारबाही गर्छौं,' उनको भनाइ थियो । उनले बेलिब्रिज, झोलुंगे पुल र स्थायी पक्की पुल निर्माणलाई तीव्रता दिने घोषणा गरे ।
गर्नुपर्ने अवस्था आएको र राहत रकम वितरण प्रशासनको स्वीकृतिबाट मात्रै गर्न निर्देशन दिइएको उनले बताइन् ।
इलाम नगरपालिकाका मेयर केशव थापाले तीन महिनाभित्र पुनर्निर्माण सम्पन्न गर्नुपर्ने आवश्यकता औंल्याए । 'खानेपानी, स्वास्थ्य र आवास अहिलेका प्रमुख चुनौती हुन्,' उनले भने ।
स्थानीयस्तरमा विपद व्यवस्थापनका लागि बजेट अपर्याप्त भएकाले संघ र प्रदेश दुवैतर्फबाट विशेष सहयोग माग गरिएको छ । विद्युत् प्राधिकरणका प्रमुख बिजुलीप्रसाद यादवका अनुसार जिल्लाका सबै पालिकामा विद्युत् आपूर्ति पुनः सुरु गरिएको छ । सडक डिभिजन कार्यालय इलामका पवन भट्टराईले राजदुवाली सडक आजै खुलाउने प्रयास भइरहेको जानकारी दिए । स्वास्थ्य क्षेत्रमा औषधि अभावको समस्या देखिएको र स्वास्थ्यकर्मीहरू प्रभावित क्षेत्रमा खटाइएको जनाइएको छ ।
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले



इलामकी प्रमुख जिल्ला अधिकारी सुनिता नेपालका अनुसार जिल्लामा हालसम्म ३९ जनाको मृत्यु, २६ जना घाइते र ६ जना उपचाररत छन् । घाइते तथा गर्भवती ११ जनाको हवाई उद्धार गरिएको छ । जिल्लामा २७६ जना विस्थापित, १५१ घर पूर्ण रूपमा नष्ट र ३२७ घर आंशिक क्षतिग्रस्त भएका छन् ।
११ वटा पुल र २१ वटा कल्भर्ट क्षतिग्रस्त भएका छन् । राजदुवाली, मेलासे र मांसेवुङ जोड्ने सडक विच्छेद भएको छ भने माइ-जोगमाई सडक पनि अवरुद्ध छ ।
नेपालका अनुसार राहत वितरण पालिकामार्फत भइरहेको छ । 'संघ सरकारले पठाएको दुई लाख रुपैयाँ मृतक परिवारमा पुगिसकेको छ,' उनले बताइन् ।
फाकफोकथुमका १६ घर तत्काल स्थानान्तरण प्रभावित परिवारलाई तत्काल सहयोगका लागि रकम पठाइने बताए । 'स्थायी आवासका लागि प्रतिपरिवार चार लाख अनुदान दिने र जमिन नहुनेलाई थप तीन लाख उपलब्ध गराइनेछ,' उनले भने ।
बस्ती स्थानान्तरणका लागि जग्गा खोज्ने जिम्मेवारी स्थानीय तहले लिनेछन् भने अनुगमन पनि स्थानीय तहकै मातहतमा हुनेछ ।

भौतिक सचिव केशवकुमार शर्माले निर्माण सामग्री खरिदका लागि परिषद् बसेर विशेष निर्णय गर्न सकिने बताए । गृहसचिव मधुसूदन आचार्यले विस्थापित प्रहरी चौकीहरु तत्काल पुनःस्थापनाका लागि पहल गर्ने जनाए ।

# स्व. पवन राई – एक अमर स्मृति

• **शान्तिराम बस्नेत**

जिन्दगीका केही भेटघाटहरू छोटा हुन्छन्, तर तिनले छोड्ने छाप चिरन्तन हुन्छ। स्वर्गीय पवन राईसँगको मेरो चिनजान पनि यस्तै थियो - समयको हिसाबले छोटो, तर भावनाको गहिराइमा अथाह ।
पहिलो भेट, अमिट प्रभाव
करीव एक दशकअघि सताक्षी प्रेस क्लबको अधिवेशनमा भएको हाम्रो पहिलो भेटवार्ता अझै सम्झनाको पर्दामा जीवन्त छ। त्यो साधारण भेट थिएन - त्यो एक असल राष्ट्रभक्त, खेलकुदप्रेमी र जिवन्त युवाशक्तिसँगको साक्षात्कार थियो। पवनजीको व्यक्तित्वमा एउटा विशेष चुम्बकीय शक्ति थियो - उहाँको आँखामा देशप्रतिको आस्था, मुस्कानमा निश्चलता र बोलीमा खेलकुदप्रतिको अपार लगाव झल्किन्थ्यो।
त्यो छोटो भेटमा नै मैले महसुस गरें - यो युवा साधारण होइन। उहाँमा नेपाली खेलकुदलाई अघि बढाउने जुनून थियो, समुदायलाई एकताको सूत्रमा बाँध्ने दूरदृष्टि थियो, र सत्यको खोजीमा लागेको एक निर्भीक पत्रकारको प्रतिबद्धता थियो।
बहुआयामी व्यक्तित्व - समाजसेवी, खेलाडी र पत्रकार
पवनजी केवल एउटा पहिचानमा सीमित व्यक्तित्व थिएनन्। उहाँ एकै समयमा समाजसेवी, खेलकुदप्रेमी र पत्रकार हुनुहुन्थ्यो - तीनवटै क्षेत्रमा समान जोश र समर्पणका साथ। समाजसेवाको क्षेत्रमा, उहाँ निस्वार्थ भावनाका प्रतिमूर्ति हुनुहुन्थ्यो। समुदायको विकासमा उहाँको योगदान अविस्मरणीय छ। उहाँले सधैं विपन्नहरूको पक्षमा आवाज उठाउनुहुन्थ्यो, युवाहरूलाई सकारात्मक दिशा दिनुहुन्थ्यो र समाजको उत्थानका लागि निरन्तर प्रयासरत रहनुहुन्थ्यो। उहाँको सेवाभावी मनोवृत्तिले धेरैलाई प्रेरणा दिएको थियो।
खेलकुदको मैदानमा, पवनजी एक सच्चा खेलप्रेमी मात्र होइन, खेल संस्कृतिका संवाहक पनि हुनुहुन्थ्यो। उहाँले फुटबललाई केवल खेलको रूपमा मात्र होइन, समाज परिवर्तनको शक्तिशाली माध्यमको रूपमा हेर्नुहुन्थ्यो। खेल मैदानमा उहाँको उपस्थितिले खेलाडीहरूलाई उत्साह मिल्थ्यो, दर्शकहरूलाई रमाइलो हुन्थ्यो। उहाँ स्वयं खेल्नुहुन्थ्यो, अरूलाई खेलाउनुहुन्थ्यो र खेलकुदको विकासका लागि निरन्तर सक्रिय रहनुहुन्थ्यो। भेट्रान खेलाडीहरूप्रति सम्मान र नयाँ प्रतिभाहरूलाई प्रोत्साहन गर्ने उहाँको स्वभाव अनुकरणीय थियो।
पत्रकारिताको क्षेत्रमा, उहाँ सत्यको पक्षधर र निर्भीक कलमको योद्धा हुनुहुन्थ्यो। सताक्षी प्रेस क्लबसँगको उहाँको सम्बन्धले उहाँको पत्रकारितामा कत्तिको गहिरो लगाव थियो भन्ने प्रमाणित गर्छ। उहाँले आफ्नो कलमलाई समाजको दर्पणको रूपमा प्रयोग गर्नुहुन्थ्यो - समाजका विसंगति



उजागर गर्ने, जनताको आवाज बन्ने र सत्य समाचार प्रवाहमा योगदान दिने काममा उहाँ सधैं तत्पर रहनुहुन्थ्यो। उहाँको पत्रकारिता जिम्मेवार, नैतिक र जनमुखी थियो।
राष्ट्रप्रेम - उहाँको जीवन दर्शन
पवनजी एक सच्चा राष्ट्रवादी हुनुहुन्थ्यो। उहाँको राष्ट्रप्रेम केवल नाराबाजीमा सीमित थिएन, त्यो उहाँको प्रत्येक कार्यमा झल्किन्थ्यो। देशको विकास, समाजको उन्नति र नेपाली खेलकुदको प्रगतिमा उहाँको योगदान उहाँको देशभक्तिको जीवन्त उदाहरण हो। उहाँले विदेशमा सहज अवसर हुँदाहुँदै पनि आफ्नो माटो, आफ्नो समाज र आफ्नो समुदायका लागि काम गर्ने छनौट गर्नुभयो। यो साँचो राष्ट्रप्रेमको परिभाषा हो।
स्मृति प्रतियोगिता - एउटा सार्थक श्रद्धाञ्जली
आज, स्व. पवन राई स्मृति भेट्रान फुटबल प्रतियोगिताको आयोजना हुँदैछ। यो केवल एउटा खेल प्रतियोगिता मात्र होइन - यो उहाँको सपना, उहाँको जीवन दर्शन र उहाँले छोडेको विरासतको जीवन्त उत्सव हो।
भेट्रान फुटबल प्रतियोगिताको छनौट पनि अर्थपूर्ण छ। भेट्रान खेलाडीहरू - ती अनुभवी योद्धाहरू जसले आफ्नो जवानी खेल मैदानमा बिताए, जसले नेपाली फुटबललाई आफ्नो पसिनाले सिञ्चित गरे - उहाँहरूप्रति पवनजीको विशेष आदर थियो। यो प्रतियोगिताले ती दिग्गज खेलाडीहरूलाई सम्मान गर्दै, नयाँ पुस्तालाई प्रेरणा दिनेछ।
पवन जी जस्ता व्यक्तित्वहरू शारीरिक रूपमा हामीबीच नभए पनि, तिनको आदर्श र प्रेरणा सधैं जीवित रहन्छन्। यो प्रतियोगिता उहाँको नाममा आयोजित हुनु भनेको उहाँप्रतिको साँचो सम्मान हो, उहाँको स्मृतिलाई चिरजीवी बनाउने माध्यम हो।
खेलकुद, पत्रकारिता र समाजसेवाको त्रिवेणी
पवनजीको जीवनले हामीलाई एउटा महत्वपूर्ण पाठ सिकाउँछ - खेलकुद, पत्रकारिता र समाजसेवा तीनवटै क्षेत्र एकअर्काबाट अलग छैनन्, बरु एकअर्कालाई पूरक हुन्। खेलकुदले अनुशासन सिकाउँछ, पत्रकारिताले सत्यको खोजी गर्छ र समाजसेवाले मानवता जगाउँछ। यी तीनवटै गुणहरू पवनजीमा समाहित थिए।
खेलमैदानमा फेयर प्लेको भावना, पत्रकारितामा निष्पक्षता र समाजसेवामा निस्वार्थता - यी सिद्धान्तहरू पवनजीको जीवनको आधार थिए। उहाँले आफ्नो छोटो जीवनकालमा जे गर्नुभयो, त्यो धेरैले लामो जीवनमा पनि हासिल गर्न सक्दैनन्।
खेलकुद केवल खेल होइन - यो राष्ट्र निर्माणको माध्यम हो, समुदाय एकीकरणको शक्ति हो। पत्रकारिता केवल पेशा होइन - यो समाजको ईमान्दार दर्पण हो, जनताको अधिकारको संरक्षक हो। समाजसेवा केवल काम होइन - यो मानवताको पूजा हो, समाजको ऋण चुक्ताउने माध्यम हो। पवनजीले

❖ बाँकी पृष्ठ ४ मा

# म्याराथनमा दमकका शरद सिंह र पुष्पा प्रथम

• लक्ष्मी उप्रेती

मेचीनगर । जेनजीका नव पुस्ताले सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा, भ्रष्टाचारको अन्त्य र सुशासनको मागसहित २३ भदौंबाट शुरु गरेको प्रदर्शनका क्रममा सहादत प्राप्त झापाली सहिदहरुको स्मृतिमा मेचीनगरमा म्याराथन दौड प्रतियोगिता सम्पन्न भएको छ ।

प्रदर्शनका क्रममा २४ भदौंमा अर्जुनधारा नगरपालिका –८ हात्तीकिल्लाका ३२ वर्षीय दिनेश राजवंशी र झापा अर्जुनधारा– ११ लक्ष्मीधापका ३९ वर्षीय ज्ञानेन्द्र सेढाई (गोपाल) को मृत्यु भएको थियो । शनिबार उनीहरुको स्मृतिमा मेचीनगरका युवाहरुको समूह यूथ फर सोसाइटी मेचीनगरले "५ के रोड रन" (म्याराथन दौड) को आयोजना गरेको थियो ।

सोसाइटीका अनुसार "सहिदहरुप्रति समर्पित



म्याराथन दौड-५ के रोड रन" मेचीनगर नगरपालिका वडा नम्बर –१५ स्थित बिचार्नी चोकबाट वडा नम्बर –१० को धुलाबारी मोडमा पुगेर समापन भएको थियो ।

पाँच किलोमिटरसम्मको उक्त दुरी १८ मिनेट ३२ सेकेण्डमा पार गर्दै पुरुषतर्फ दमकका शरद सिंह प्रथम भए । उनले नगद पाँच हजार रुपैयाँसहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गरे । यसैगरी, १८ मिनेटमा ४२ सेकेण्डमा दुरी पार गर्दै विर्तामोडका शिव कार्कीले दोस्रो स्थान हासिल गर्दै नगद तीन हजार रुपैयाँसहित ट्रफी, पदक र प्रमाणपत्र हात पारे । झापा दमकका मिङ्सेन लिम्बूले २० मिनेट ४४ सेकेण्डमा दुरी पार गर्दै तेस्रो स्थान हासिल गरे । उनले नगद दुईहजार रुपैयाँसहित सहित ट्रफी, पदक र प्रमाणपत्र जितेको सोसाइटीका सदस्य जयराम दाहालले जानकारी दिए ।

महिलातर्फ झापा दमकका पुष्पा शेर्मा लिम्बू प्रथम, दमकका मन्दिरा महतारा दोस्रो र दमककै रुबिना महतारा तेस्रो भए । उनीहरुले क्रमशः नगद पाँच हजार, तीन हजार र दुई हजारसहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गरेको दाहालले बताए ।

म्याराथन दौड सम्पन्न गर्न सागर राजवंशीको संयोजकत्वमा सात सदस्यीय समिति गठन गरिएको थियो । प्रतियोगितामा एकसय ४६ पुरुष तथा १८ महिलागरी कुल एकसय ६४ जना धावक सहभागी रहेको दाहालले बताए ।

कार्यक्रममा सहिद दिनेश राजवंशीकी आमा, पत्नी , दाजु भाउजु, नानीहरुको सहभागिता रहेको थियो । सोही अवसरमा सहिद परिवारलाई सोसाइटीले नगद ५० हजार रुपैयाँ हस्तान्तरण गरेको छ । सोसाइटीका अध्यक्ष सागर राजवंशीले सहिद दिनेश राजवंशीका परिवारलाई उक्त रकम हस्तान्तरण गरेका थिए ।

# 'सम्पति छानविनका लागि एमाले तयार'

झापा(प्रस) । नेपाल कम्युनिस्ट पार्टी (एमाले) झापा जिल्ला कमिटीको सातौं पूर्ण बैठक शनिबार सम्पन्न भएको छ ।

बदलिँदो राष्ट्रिय परिस्थिति र अबको पार्टी कामका सन्दर्भमा बैठक आयोजना गरिएको हो । झापा जिल्ला पार्टी कार्यालयको सभाहलमा पार्टीका स्थायी कमिटी




सदस्य, कोशी प्रदेश इञ्चार्ज एवम् कोशी प्रदेशका पूर्व मुख्यमन्त्री शेरधन राईको प्रमुख आतिथ्यतामा भएको बैठकमा बोल्दैं राईले २०४६ सालपछि लाभका पदमा पुगेका नेकपा एमालेका सबै नेता कार्यकर्ताको नाम र सम्पति विवरण सार्वजनिक गरेर छानविनका लागि एमाले तयार रहेको बताए । 'हामी एमालेका नेता कार्यकर्ताले अनियमितता गरेका छैनौं', इञ्चार्ज राईले भने, 'हामीले सरकार बनाए पनि २०४६ सालको आन्दोलनपछि राज्यका अरु अंगको पुनरसंरचना गर्न नसक्दा अहिलेको समस्या आएको हो ।'

अहिले संसद 'कोमा'मा रहेको चर्चा गर्दै उनले कठपुलती सरकारले चुनाव नगराउने भएकाले संसद पुनःस्थापनाको विकल्प नरहेको बताए । नेता राईले यस बेला देश संकटको डिलमा उभिएको समेत दाबी गरे ।

बैठकमा एमाले स्थायी समिति सदस्य एवम् कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नेपाललाई असफल राष्ट्र बनाउने षडयन्त्र भइरहेकाले एमालेका नेता कार्यकर्ताले सबै नेपालीलाई सचेत बनाउनु पर्ने दायित्व रहेको उल्लेख गरे ।

बैठकमा पार्टीका कोशी प्रदेश कमिटी सचिव राजकुमार भण्डारीले एमाले पार्टी र नेतृत्वमाथि भइरहेको प्रहारको प्रतिवाद गर्नु पर्ने बताए । बैठकमा पार्टीले अब गर्ने कार्यक्रमबारे जिल्ला अध्यक्ष प्रेम गिरीले जानकारी गराए । असोज २७ गते नेकपा एमालेका युवा विद्यार्थीको अगुवाईमा झापाको सदरमुकाम चन्द्रगढीमा प्रदर्शन र प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउने बताइएको छ ।

जिल्ला कमिटी अध्यक्ष प्रेम गिरीको अध्यक्षतामा भएको बैठकमा सहभागी सबैलाई उपाध्यक्ष शिव ढुङ्गेलले स्वागत तथा सचिव तुलसी कार्कीले सञ्चालन गरेका थिए ।

# एटिएमबाट निकाल्ने पैसाको सीमा घट्यो

झापा(प्रस) । एटिएमको प्रयोग गरी डेबिट कार्डबाट गरिने कारोबारको सीमा घटाइएको छ । नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशन अनुसार डेबिट कार्डबाट गरिने कारोबार सीमा २० देखि ५०



प्रतिशतसम्म घटाइएको हो ।
हाल डेबिट कार्ड प्रयोग गरी एटिएमबाट प्रतिकारोबार २५ हजार रुपियाँ झिक्न सकिन्छ । त्यसै गरी दैनिक एक लाख र मासिक चार लाख रुपियाँको सीमा तोकिएको छ । अब भने प्रतिकारोबार एटिएमबाट २० हजार, दैनिक ५० हजार र मासिक तीन लाख रुपियाँ मात्रै झिक्न सकिने छ ।
बैङ्क तथा वित्तीय संस्थाले जारी गर्ने प्रिपेड कार्डको प्रतिकारोबार १० हजार, प्रतिदिन २० हजार र प्रतिमहिना दुई लाख रुपियाँको सीमा यथावत रहेको छ ।

त्यसै गरी क्रेडिट कार्डको सीमा पनि परिवर्तन भएको छैन । बैङ्क तथा वित्तीय संस्थाबाहेकका सेवाप्रदायक संस्थाले जारी गर्ने प्रिपेड कार्डको प्रतिदिन पाँच हजार र प्रतिमहिना २५ हजार रुपियाँको सीमा पनि परिवर्तन भएको छैन ।

# मतदाता नामावली दर्ता गर्नेको चहलपहल बढ्यो



झापा(प्रस) । जेनजी आन्दोलनपछि बनेको वर्तमान सरकारले आगामी फागुन २१ गतेका लागि प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणा गरेसँगै खोटाङमा पनि फोटोसहितको मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने र गराउने युवाको चहलपहल बढेको छ ।
गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि गठन भएको प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले निर्वाचन आयोगलाई दिएको निर्देशनअनुसार निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्यको निर्वाचन गर्न यही असोज ९ गतेदेखि देशभर एकैसाथ मतदाता नामावली सङ्कलन तथा अद्यावधिकको काम सुरु गरेसँगै खोटाङका नागरिकले पनि आफ्नो नाम दर्ता तथा अद्यावधिक गर्न थालेका हुन् ।
दश स्थानीय तह रहेको जिल्लामा दैनिक १५ देखि ४० जनासम्मले आफ्नो नाम फोटोसहितको मतदाता नामावलीमा दर्ता तथा अद्यावधिक गराउने गरेको जिल्ला निर्वाचन कार्यालय खोटाङका प्रमुख रवीन मगरले जानकारी दिए । 'देशभर खुला गरिएको मतदाता नामावलीमा दर्ता तथा अद्यावधिक आगामी कात्तिक ३० गतेसम्म सञ्चालन हुन्छ । जिल्लामा अहिलेसम्म अपेक्षा गरेअनुसार मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने काम भएको छैन । यद्यपि, हामीले प्रचारप्रसार गरिरहेका छौँ', उनले भने, 'नयाँ दर्ता गराउनेले अनलाइन फाराम भरेर बायोमेट्रिक गर्न कार्यालयमा आउने तथा अद्यावधिक गर्नेहरू कार्यालय आउनुपर्दैन । नयाँ दर्ता गराउनेका लागि बिदाको दिनबाहेक दैनिक बिहान ८:०० बजेदेखि बेलुका ६:०० बजेसम्म कार्यालय खुला राखिनेछ ।'

## भावनाको...

गर्नु मानव कर्तव्य हुन्छ भन्ने सन्देशसहितको ज्ञानोपदेश जस्ता वाक्यले भरिएका कविता यस पुस्तकमा पढ्न पाइन्छ ।
"मान्छे हो हिँड कर्म सागर तिरै सेवा ठूलो धर्म हो अल्छी धाक र नीच कर्म सब यी गर्ने त पापी न हो आफ्नो स्वार्थ कुकर्म सर्व सवले मान्छे तिमी छाड हे
सेवाका हर क्षेत्रमा हर घडी मान्छे तिमी लाग हे "

यो भावनाको लडाइँ कविता सङ्ग्रहमा फुट्कर कवितालाई सङ्ग्रह गरी पुस्तकका रूपमा दर्ज भएका लोक र शास्त्रीय छन्द गरि जम्मा ३७ थान कविताहरू छन् । सबै कविताद्वारा एक न एक विचार र सन्देश पाठकसमक्ष प्रवाह गरेको पाइन्छ । जीवनमा घटेका घटनालाई समेटेर पनि केही कविता प्रस्तुत छन् ।
मान्छे हूँ उही बैँसको चकचके देही थियो दुर्बल आशा जो मनमा थिए उस घडी ऐले भए खल्बल
जाने कुन् पथमा बडो बिरहमा सोच्थेँ म त्यै कालमा
मेरो चञ्चल आत्म रुन्छ अहिले पर्दैछु झञ्जालमा यसरी जीवनका भोगाई र कर्ममैदानमा विविध झन्झट, कष्टलाई स्मरण गर्दै अन्तर आत्मामा उब्जिएका सामाजिक परिवेशमा हुर्किएका भोगेका देखेका घटनालाई विभिन्न शीर्षकमा विविध छन्द लयमा कविता सिर्जना गरिएको रहेछ ।

पाठकहरूमा समर्पित यो भावनाको लडाइँ कविको पहिलो प्रकाशित सङ्ग्रह तथा दोस्रो संस्करण पुस्तिका मैले पनि अध्ययन गर्ने अवसर पाएँ ।
उहाँका विविध पुस्तकसहित यो सङ्ग्रह गहिरिएर नियाल्दा मेरा मानसपटले पठन एवं मननयोग्य भएको पाएँ । कविको लेखन कला निरन्तर रहिरहोस् । यस्ता अन्य सिर्जना पढ्न पाउने उत्सुक हुँदै यहाँको उत्तरोत्तर प्रगति एवं सुस्वास्थ्य दीर्घायुको कामना छ । जय होस्

## स्व. पवन...

यी सबै कुरा गहिराइसँग बुझ्नुहुन्थ्यो र त्यसैले यी तीनवटै क्षेत्रमा उहाँको योगदान अतुलनीय थियो।
यस प्रतियोगितामा सहभागी हुनुहुने सबै भेट्रान खेलाडीहरू, आयोजकहरू, पत्रकार मित्रहरू र दर्शकहरूलाई म यही भन्न चाहन्छु - हामी केवल फुटबल खेल्दै छैनौं, हामी एक राष्ट्रप्रेमी युवाको सपनालाई जीवित राख्दैछौं। प्रत्येक गोल, प्रत्येक पास, प्रत्येक जितले पवनजीको स्मृतिलाई थप बलियो बनाओस्।

यो प्रतियोगिताले नेपाली खेलकुदलाई नयाँ उचाइमा पुर्याओस्, पत्रकारिता क्षेत्रलाई थप जिम्मेवार बनाओस् र समाजसेवामा नयाँ ऊर्जा संचार गरोस्। प्रत्येक किक, प्रत्येक ड्रिबल, प्रत्येक सेभले पवनजीको आत्मालाई शान्ति दिओस्।
उहाँ हाम्रा बीचमा भौतिक रूपमा उपस्थित हुनुहुन्न, तर खेलमैदानको प्रत्येक कुनामा, प्रत्येक खेलाडीको जोशमा, प्रत्येक समर्थकको आवाजमा, प्रत्येक पत्रकारको कलममा र प्रत्येक समाजसेवीको मनमा उहाँको उपस्थिति अनुभव हुनेछ।
भेट्रान खेलाडीहरूलाई विशेष आग्रह यस प्रतियोगितामा सहभागी हुनुहुने सम्मानित भेट्रान खेलाडीहरू - तपाईंहरू केवल खेलाडी मात्र होइन, तपाईंहरू नेपाली फुटबलका जीवित इतिहास हुनुहुन्छ। तपाईंहरूको अनुभव, तपाईंहरूको सीप र तपाईंहरूको समर्पण नयाँ पुस्ताका लागि प्रेरणाको स्रोत हो। पवनजी तपाईंहरूप्रति अत्यन्तै सम्मान राख्नुहुन्थ्यो। आज तपाईंहरूले उहाँको स्मृतिमा खेल्नुहुनेछ - यो तपाईंहरूका लागि र उहाँका लागि गौरवको क्षण हो।

मैदानमा उत्रँदा, उहाँलाई सम्झनुहोस्। उहाँको मुस्कान, उहाँको जोश, उहाँको खेलप्रेम - यी सबैले तपाईंहरूलाई शक्ति दिओस्। तपाईंहरूको प्रत्येक खेल उहाँको स्मृतिप्रति श्रद्धाञ्जली होस्।
विदाइका शब्दहरू
पवनजी, तपाईंसँगको भेट छोटो थियो, तर तपाईंले छोड्नुभएको प्रभाव चिरस्थायी छ। सताक्षी प्रेस क्लबको त्यो अधिवेशनमा भएको हाम्रो कुराकानी, तपाईंको हाँसो, तपाईंको दृष्टिकोण - सबै आज पनि ताजा छ। तपाईंले देशको लागि, समाजको लागि र खेलकुदको लागि जे गर्नुभयो, त्यो सदैव स्मरणीय रहनेछ।
तपाईंको स्मृति हाम्रा लागि सधैं प्रेरणाको स्रोत बनिरहोस्। यो प्रतियोगिता तपाईंको आत्माको शान्तिको लागि र तपाईंको सपनालाई साकार पार्नको लागि समर्पित छ। तपाईंले समाजसेवामा देखाउनुभएको समर्पण, खेलकुदमा देखाउनुभएको जोश र पत्रकारितामा देखाउनुभएको इमान्दारिता - यी सबै गुणहरू हामी सबैमा संचारित होऊन्।

तपाईं गए होइन, तपाईं हाम्रा हृदयमा, हाम्रा स्मृतिमा र यस्ता कार्यक्रमहरूमा सदैव जीवित रहनुहुनेछ। तपाईं प्रत्येक खेलाडीको जोशमा, प्रत्येक पत्रकारको कलममा र प्रत्येक समाजसेवीको सेवाभावमा जिउँदै रहनुहुनेछ।
आज हामी तपाईंलाई अलविदा भन्दैनौं, हामी तपाईंलाई सलाम गर्दैछौं। तपाईं हाम्रा नायक हुनुहुन्छ, हाम्रा प्रेरणा हुनुहुन्छ, हाम्रा आदर्श हुनुहुन्छ।


**बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कोशी प्रदेशको**

**नक्सा पासको लागी संधियारको नाममा जारी गरिएको १५ दिने सुचना**

यस गाउँपालिकाको वाड नं. १ बस्ने श्री रविन कुमार लिम्बुको नाममा दर्ता कायम रहेको साविक बुधबारे-६ हाल बुद्धशान्ति गाउँपालिका को वडा नं. १ स्थित.. मा तपशिलमा उल्लेख भए बमोजिमको टोल मार्गमा पर्ने कि. न. ४८०९ ज.वि.०-०-८.२५ आवासीय भवन. ..निर्माण गर्न स्वीकृतिको लागी पेश भएकोमा मिति २०८२/०६/२३ मा नक्सापासको लागी संधियारको नाममा जारी गरिएको १५ दिने सुचना सम्बन्धित स्थानमा सुचना टाँस गर्न जादा तपशिलमा भएका संधियारहरु नभेटिनु भएको हुँदा जारी मिति वाट १५ दिन भित्र साध, संधियार, बाटो, नदिनाला र सार्वजनिक जग्गालाई असर पर्ने वा नपर्ने सो को उजुरी गर्नका लागी यो बमोजिम नक्सा पास भईजाने व्यहोरा अनुरोध छ ।

| सि. नं. | जग्गाको विवरण | घरको विवरण | जग्गा धनि सधियार |
|---|---|---|---|
| १ | साविक बुधबारे ६ | लम्बाईः ३४'-४" | पूर्व : श्री सोमनाथ लिम्बु |
| | हाल वुद्धशान्ति १ | चौडाईः २४'-०" | पश्चिमः |
| | कि.नं ४८०९ | उचाईः ३४'-३" | उत्तर : श्री चन्द्र बहादुर बि.क. |
| | क्षेत्रफल : ०-०-८.२५ | क्षेत्रफलः २, २६१.११ व.फि. | दक्षिण : श्री मनकुमारी लिम्बु |

नोटः असोज २४ गतेको अंकमा प्रकाशित यो सूचनामा दक्षिण तर्फको सधियारको नाम छुटेकोले सच्चाई पुनः प्रकाशित गरिएको छ ।



**हुलाक सेवालाई प्रवर्धन गरौं ।**

- सूचना तथा सन्देश पुर्याउने भरपर्दो माध्यम हुलाक सेवा हो ।
- सुरक्षित र भरपर्दो रुपमा वस्तुको ओसारपसार गर्ने,
- चिठीपत्र, पार्सल, द्रुत डाँक सेवा सुरक्षित र समयमै पुऱ्याउने,
- दैनिक जीवनमा सहजता ल्याउने,
- प्रविधिसँगै आधुनिकतातर्फ उन्मुख,
- हुलाक सेवाको उपयोग गरौं,
- स्थानीय तहमा रहेको हुलाक, जिल्ला हुलाक, गोश्वरा हुलाक कार्यालयमार्फत हुलाक सेवा लिन सकिन्छ,

नेपाल सरकार विज्ञापन बोर्ड





**कपुरी मोटोकर्प प्रा.लि.**
बिर्तामोड,झापा सम्पर्कः ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

## टिस्टा



• रामसुन्दर केसी

बाल्यकालदेखि नै
एउटा सपना थियो—
वीरताको गाथाले भरिएको
टिस्टा पुग्ने।
टिस्टालाई आँखाभरि सजाउने,
र, टिस्टाको पवित्र जलले नुहाउने।
जहाँ, हाम्रा पुर्खाहरुले
खुँडा–खुकुरी धोएका थिए,
चन्द्र–सूर्य अङ्कित ध्वजा
फरफराएका थिए।

लामो पर्खाइपछि
सपनाको गन्तव्य टेक्दा
खुसीले पुलकित हुँदै
गोर्खाली वीर पुर्खालाई सम्झेर
चढाएँ, श्रद्धाका हजारौँ फूलहरू।
टिस्टा नदी किनारमा उभिएर
पश्चिम तर्फ दृष्टिगोचर गर्दा
काँगडासम्म फैलिएको
विशाल नेपाल सम्झँदै गर्दा
गर्वले पहाड बन्छ छाती।
साँध–सिमाना मेट्दै
टिस्टाको शीतलतामा
बाँचेको नेपालीपन;
फराकिलो मन;
भाषा, कला र संस्कृति;
फुलेको सुन्दर बगैँचा;
विशाल हृदय र भावनाका
प्रियजनहरू,
नेपाली मनहरूसँग
साक्षात्कार हुँदा
लाग्थ्यो, म आफ्नै भूमिमा छु,
आफ्नै परिवारजन र आफन्तहरूसँग।


सदियौँदेखि अविरल बगेको
टिस्टासँग जोडिएको गहिरो नाता
र आफ्नोपनको आभास भयो।
टिस्टाका अनेकौँ आयाम र जिज्ञासा मेट्न
टिस्टाको विशालता नियाल्दै
नदीका छालहरूसँगै
भावनाका ज्वारभाटाहरू
तरङ्गित भइरहे मन–मस्तिष्कमा।

पहाडको काखबाट
निरन्तर बगेको जलप्रवाह
बञ्जर र पत्थरिलो धरालाई
हराभरा पार्दै
जीवनमा रङ्ग भर्ने
वरदान नै रहेछ टिस्टा नदी।
तर अहिले,
समय बदलियो,
समाज बदलियो,
भू–राजनीति बदलियो।
यसैको परिणाम त होला—
टिस्टा नदी पहिले जस्तो
कञ्चन रहेनछ।
मानवसिर्जित फोहोर
र वातावरण प्रदूषणले
धमिलो र दुर्गन्धित बनेको रहेछ।

पुर्खाले आर्जेको माटोको माया,
सगरमाथाले सिकाएको स्वाभिमानको पाठ—
खै! कहाँ हरायो?
त्यो वीरता र साहस;
देशप्रेम र राष्ट्रियताको भावना;
प्रकृतिप्रेम र मानवता!
छोराछोरीले बाटो बिराएकोमा
आमा बिरामी भई— प्रकृतिसँग धरधरी रुँदासमेत
नब्युँझने हाम्रो चेतना
अब कहिले जागृत हुन्छ?

भाइभाइबीच चुलिएको द्वन्द्व
अब कहिले अन्त्य हुन्छ?
अब कहिले सम्म भरिरहने
स्वार्थका भकारीहरू
र, पालिरहने खण्डित विचारहरू?
सहअस्तित्वलाई स्वीकार्नै नसक्ने प्रवृत्ति—
'मेरो गोरुको बाह्रै टक्का' भन्दै दम्भ र अहङ्कारको थुप्रोमा बसेर
आत्मरतिमा कहिलेसम्म रमाइरहने?
कहिले मनन गर्ने
नयाँ पुस्ताका चिन्ता, चिन्तन र चैतन्य
र परिवर्तनका आवाजहरू?

# घरबाट भागेको दिन !



• सहदेव न्यौपाने

घरबाट भागेको थिएँ। बुबासँग झगडा हुन्थ्यो, बुबा मलाई रिस गर्थे त्यस बेला। घरबाट हिँड्दा म सत्र वर्षको थिएँ। अघिल्लो दिन आमालाई पटक-पटक हेरिरहेँ, मनमा हजार कुरा थिए तर ती सबै मनमै रहे। उनी मलाई त्यो दिन खै किन अति नै मलिन लागिन्। आमालाई हेर्दा मलाई लाग्यो, सायद मैले पहिलो पटक आमाको अनुहारमा हेर्दै छु। त्योभन्दा पहिला मलाई थाहा नै थिएन, आमाको निधारमा रेसा आउन लागेछन्, छाला फुस्रा पर्न लागेछ र सिउँदोको कपाल फुल्न लागेछन्।
असारको महिना कुइरोले घरबाट देखिने निगाले भिर पुरै ढाक्थ्यो। घर यताको खहरे खोला उर्लिएर आउँथ्यो, खोला तर्न दुई वटा फल्याक राखिएका थिए। जुका खुबै लाग्थे। त्यो दिन पनि बादलले आकाश बेलुकादेखि नै ढाकेको थियो। सायद त्यो वर्षकै अन्धकार दिन हुँदो हो। बेलुका आमाले ढिँडो पकाएर खान बोलाइन्।

भोक लागेको त थिएन तर थकान खुबै लागेको थियो। दिनभरि आली काटेर आएको थिएँ, बिहान मल बोकेको थिएँ। मलाई त्यो दिन खै किन धेरै काम गर्न मन लाग्यो। आमाले तीन दिन भए पनि अलि सुख पाउँछिन् कि भनेर बाख्रालाई बनबाट एक भारी घाँस पनि काटेर ल्याएँ। सबै गर्दा सात बजिसकेको थियो।

बुबा गोठमा निथ्रुक्क भिजेर आएका गोरु बाँध्दै हुनुहुन्थ्यो। भान्सा कोठामा २० वाटको रातो बत्ती बलेको थियो। म खोस्टोको चकटीमा बसेँ। आमाले सिमीको झोल र ढिँडो पस्किन् अनि मलिन आवाजमा भनिन्, 'के भयो तँलाई आज?'

मैले केही नभएको उत्तर दिएँ। आमा बुबालाई ढिँडो पस्किन लागिन्। मैले आमालाई हेरेँ। एक पटक हेर्दा मन भारी भएर आयो। आँसु रोक्न सकिनँ, एक थोपा आँसु सिमीको झोलमा खस्यो। आमाले थाहा पाउलिन् भनेर पुछिहालेँ।

ढिँडो खाएँ, हात धोएँ। 'सुत्न जान्छु है आमा, थाकेको छु' भनेँ। कोठामा गएँ, ट्र्याङ्कबाट लुगा निकाल्न सोच्दै थिएँ तर मलाई अनायासै ख्याल आयो, मैले कसैलाई भनेर जानुपर्छ। कसलाई भन्ने यसो सोचेँ, मलाई लाग्यो सौरभलाई भन्दा ठिक होला।

सौरभ र म १० कक्षासम्म सँगै पढ्यौँ, मेरो मिल्ने साथी थियो ऊ। म सौरभकोमा लागेँ। मेरो घरभन्दा उसको घर सात मिनेट जति माथि पर्छ। असारको दिन आठ बज्न लाग्दा अँध्यारो भइसकेको थियो। मसँग टर्च लाइट केही थिएन तर खै कसैको डर लागेन मलाई त्यो दिन।

म सौरभकोमा पुगेँ। उनीहरू खान खाएर सुत्ने तरखर गर्दै थिए। मलाई रमेश अंकलले रिसले हेरे। उनलाई लाग्थ्यो म सौरभलाई बिगार्छु, त्यसैले मैले बुझ्ने भएदेखि मलाई कहिल्यै पनि हँसिलो अनुहारले हेरेनन्। सौरभकी आमा चाहिँ मलाई आफ्नै छोराजस्तो गर्थिन्।

देख्ने बित्तिकै सौरभले भन्यो, 'के छ केटा, किन आइस् यति बेला?'
मैले 'यत्तिकै' भनेँ।
सौरभका बुबा-आमा सुत्न गए, सौरभ र म बाहिरको खाटमा बसिरह्यौँ। दुवै जना केही बेरसम्म मौन नै थियौँ। मैले मौनता तोड्दै भनेँ, 'ओइ केटा, एकछिन बतासे डाँडामा जाऊँ न।'
'यति राति?'
मैले भनेँ, 'जाऊँ न जाऊँ, केही हुन्न।'
उसले 'किन?' भनेर प्रश्नसम्म गरेन। मलाई अँगालो हाल्यो अनि जोडले बल लगाए जसरी तान्यो। हामी बतासे डाँडातिर लाग्यौँ। अँध्यारो थियो। जुनकिरीले पिलिक-पिलिक बत्ती बाल्थे, सायद त्यही प्रकाशमा हामी बतासे डाँडा पुग्यौँ।

डाँडामा बाँसको बेन्च थियो। शुक्रबार हाफ छुट्टी भएपछि हामी बतासे डाँडा जान्थ्यौँ। जेठका अन्तिम दिनहरूमा काफल माथिल्लो टुप्पामा मात्र हुन्थे। बाँदरजस्तो रूख-रूखमा चढेर हामी काफल टिप्थ्यौँ अनि त्यही बेन्चमा बसेर गफ लडाउँदै बस्थ्यौँ। बाटोमा कोही केटी देख्यो भने सौरभले मलाई देखाई हाल्थ्यो। राम्री लाग्यो भने 'हेर तेरी भाउजू' भन्थ्यो, राम्रो लागेन भने 'बुहारी



भेटिइन् जस्तो छ' भन्थ्यो। असारमा बिदा भएपछि पौडी खेल्न खहरे खोलामा जान्थ्यौँ। पानी जम्मा गर्नुपर्थ्यो, दुई जना मिलेर ठुला-ठुला ढुङ्गा बोक्दै ल्याउनुको मजा बेग्लै हुन्थ्यो।

'सौरभ, मैले तँलाई यता ल्याउनुको कारण छ। भोलि बिहान म जाँदै छु गाउँ छोडेर। कसैलाई नभनी जाँदा आमा आत्तिनुहुन्छ, तैँले म हिँडेको खबर सुनाइदे है। कहिलेकाहीँ गएस् है हाम्रो घर। बुबा खुबै चुरोट खानुहुन्छ, खोजिरहनुहुन्छ। बिरामी भए भने स्वास्थ्यचौकीसम्म पुऱ्याइदे है।'

मेरो आवाज भारी थियो। आँखाभित्र आँसु थियो तर झर्न दिइनँ।
'हावा कुरा नगर्, पागल भइस् कि के हो? कता जाने कुरा गर्छस्!' सौरभले अलि ठुलो स्वरमा मलाई भनेको थियो। मैले धेरै कुरा गर्न मनै लागेन। मलाई लाग्यो, मैले भावना हाबी हुन दिएँ भने म भोलि जानै सक्दिनँ। त्यसैले मैले भनेँ, 'सहर जान्छु म। सौरभ, मलाई किन-किन म अब ठुलो भएजस्तो लाग्छ। बाउ रिस गर्छन्, आमा फाटेको चोलो लाउँछिन्। म हेर्न सक्दिनँ यो। कि त धन कमाउँला कि मरौँला। यसरी त बाँचेर पनि मरिरहेको छु।'

सौरभ बोल्न खोज्दै थियो तर खै किन केही भन्नै सकेन। एकछिन रोकियो अनि भन्यो, 'ल यार, राम्रोसँग जा।'

एक्कासि अनुहारको चमक हरायो सौरभको। म बुझ्न सक्थेँ किन हरायो भनेर तर मलाई लाग्यो मैले अझ यही कुरालाई खेल्न दिनु हुँदैन। त्यसैले मैले भनेँ, 'ओइ, जाऊँ अब।' हामी ओरालो झऱ्यौँ।

सुत्न मन लागेन। बिहानको तीन बज्यो, आकाशबाट एक्कासि ठुलो पानी पर्न लाग्यो। टिनमा असारे झरी बर्सिँदा मलाई अरू बेला खुबै निद्रा लाग्थ्यो तर त्यो दिन निद्रा लागेन। छाता त घरमा हुँदो हो, पुरानो। तर मैले हिजो पानी पर्ला भन्ने ख्याल गरिनँ, त्यसैले मैले छाताको जोहो गरिनँ। बिहान चार बजे माग्ने कुरा कहाँ आउँथ्यो र! छाता प्रायः भान्सा कोठामा हुन्थ्यो तर मैले खोज्न थालेँ भने कतैबाट खास्रक-खुस्रुक आवाज आउनेछ र म हिँड्न पाउँदिनँ भन्ने लाग्यो। त्यसैले पानी रोकिओस् भनेर पर्खी बसेँ।

चार बजेर १२ मिनेट जाँदा पानी अलि थामियो तर पुरै रोकिएको थिएन। मैले आफ्नो स्कुलको झोलामा केही लुगा हालेको थिएँ। झोलाको भित्री गोजीमा काम गरेर जम्मा गरेको एउटा हजार अनि दश वटा सयका नोट थिए। एउटा पानीको बोतल थियो साइडमा। मैले झोला बोकेँ। कोठाको भित्तामा आमा-बुबाको सँगै बसेको तस्बिर थियो, हेरेँ। सबै कुराको माया लागेर आयो।

भन्नेहरू त भन्छन् मन/चेतना जीवित वस्तुमा मात्र हुन्छ, तर मलाई त्यस्तो कहिल्यै लागेन त्यो दिनदेखि। मलाई त्यो दिन मेरो खाटले 'न जा' भन्दै थियो, मेरा पुराना किताबले 'न जा' भन्दै थिए। जब म रोएँ, तिनलाई हेर्दै ती पनि मसँगै रोए। कहिलेकाहीँ लडाइँ बिछोडसँग हुन्छ जब आफ्नै मनलाई झापड हान्नुपर्छ। बलवान्भन्दा बलवान् पनि मैनजस्तो पग्लिन्छ। झन् म त छोरा! मेरो आँखामा आँसु आउनु हुँदैन भन्ने लाग्यो। आँखासम्म आँसु आयो तर झरेन।

अन्तिम पटक आमाको अनुहार तस्बिरमा हेरेँ अनि सँगै उतापट्टि भएको कृष्ण भगवानको तस्बिरलाई हेरेर आमाको र बुबाको रक्षा गर्न भनेँ। मैले सही गर्दै छु कि गलत त थाहा थिएन तर म त्यो घरको छोरो हुँ, यति चाहिँ मैले कहिल्यै पनि बिर्सन सकिनँ। न त्यो दिन सकेँ न आज सक्छु। म जबसम्म जीवित रहने छु, म त्यो घरको छोरा हुँ र सधैँ रहने छु।

मेरा अहिलेसम्मका सबै सामान जसलाई मैले सँगै लान सकिनँ, तिनलाई बिदाइ गरेँ। ढोकाबाट बाहिर निस्केँ, आँगनमा आएँ अनि आफू सानोदेखि हुर्किएको खिया लागेको टिनको छानो भएको घरलाई एकटकले नियालेर हेरेँ। सकेसम्म अटाउनु थियो यादहरू मस्तिष्कमा, त्यसैले मैले धेरै नै हेरेँ तर जति नै हेरे पनि कति नै हेर्न सक्थेँ र! सिमसिमे पानीमा आफ्नो भविष्य, भविष्यभन्दा पनि सायद आफूलाई खोज्न निस्किएँ। म युद्ध मैदानको लागि निस्किएको थिएँ जुन मैले लड्नै पर्ने थियो।

पहिलो पटक मसँग गन्तव्य थिएन। योभन्दा अगाडि म कतै पुग्नका लागि हिँड्थेँ तर त्यो दिन मसँग स्पष्ट गन्तव्य थिएन। अलिअलि कता-कता सहर जाने भन्ने त थियो तर मलाई सहर के हो, कस्तो हुन्छ, कता छ, केही थाहा थिएन।

३० मिनेट उकालो हिँडेपछि गाउँ सकियो। डाँडाबाट तल हेरेँ, धमिलो थियो, केही स्पष्ट देखिएको थिएन कुइरोले। झन् रुन मन लाग्यो, आफू हुर्किएको गाउँसम्म पनि मैले हेर्न सकिनँ त्यो अन्तिम क्षणमा।

आँखाबाट खसेका आँसु गालाबाट बग्दै ओठमा आइपुगे। मैले त्यो नुनिलोपनलाई महसुस गरेँ अनि दाहिने हातले पुछेँ र फर्केर फेरि पाइला सारेँ थाहा नभएको गन्तव्यतिर। बिस्तारै घामका किरणले बादल छेड्न थाल्यो र उज्यालो हुन लाग्यो। एक घण्टा जति हिँडेपछि पुरै उज्यालो भयो।

अब म मृगे भन्ने जंगलको बाटोमा आइसकेको थिएँ। यो घना जङ्गल हो, मृगहरू खुबै भेटिने भएर यसको नामै 'मृगे' राखेको रे भनेर मलाई हजुरबाले भन्नुहुन्थ्यो। हुन त म घाँस काट्न, दाउरा काट्न पहिला पनि आउने गरेको जंगल थियो यो, तर एक्लै बिहान हिँड्दा मलाई कता-कता डर लाग्यो। खास्रक-खुस्रुक आवाज आउँदा सिरिङ्ग हुन्थेँ, पछाडि फर्किएर हेर्थेँ, झन् डर लाग्थ्यो।

आमाको याद आउँथ्यो, आँसु बग्न थाल्थ्यो। म रुँदै हिँड्थेँ। मनले फर्की भन्थ्यो तर म मनसँगै लड्थेँ र अगाडि बढिरहन्थेँ।

अब घाम चर्को लाग्न लाग्यो। शरीरबाट पसिना आउन लाग्यो, थकाइ लाग्न लाग्यो। कता-कता भोक लाग्यो। अलि परको रूखमुनि एउटा ढुङ्गा थियो, म त्यतै बसेँ। मनमा गाउँ आयो, आमा आइन्। भोकलाई मार्ने मसँग केही थिएन। पानी झिकेँ र पिएँ।

गाउँमा आमा रुन लागिन् होला। मैले कतै सुन्ने गर्थेँ, आमाका सम्पत्ति छोरा हुन् रे, श्रीमान्ले जति नै दुःख दिए पनि छोरा सम्झेर आज पनि कयौँ आमाहरू बस्छन्। मेरी आमाको सम्पत्ति म अब साथमा थिइनँ। बुढेसकालमा मैले आमा र बुबालाई छोड्नुपऱ्यो तर मसँग अरू उपाय थिएन।

हिँड्दै जाँदा सहर जाने रोड आयो। यति बेला दिउँसोको साढे दस भएको थियो। १५ मिनेटपछि काठमाडौँका लागि बस आयो, रोक्यो पनि। म उक्लेँ र अन्तिम सिटमा गएर बसेँ। बस हिँड्यो। मेरो मन फेरि घरतिर गयो।

घोप्टिएर रोएँ। मलाई सबै मान्छे अनजान लागे, बोल्ने हिम्मत नै आएन। जीवनमा पहिलो पटक जुनसुकै कुरा गर्दा पनि गाह्रो हुन्छ। मलाई बसको लामो यात्रासम्म पनि धेरै नौलो लाग्यो।

मलाई बाटो कहिल्यै नसकियोस् जस्तो लाग्थ्यो। जति समय बित्थ्यो त्यति कस्तो-कस्तो अनौठो डर लाग्थ्यो। के गर्ने होला, कता बस्ने होला, केही थाहा थिएन। त्यसैले त्यो डर मनमा मडारिएको थियो। न देखाउन मिल्थ्यो न लुकाएर लुकाउन सक्थेँ।

डरलाई एकछिन आफूसँगै राख्यो भने बिस्तारै निष्क्रिय भएर जान्छ। भोको पेटले पहिला खाना माग्छ। जब दिमागलाई थाहा हुन्छ खाना अहिले सम्भव छैन तब शरीरले तापक्रम गुमाउन थाल्छ, आवाज मलिन हुन्छ अनि दिमाग ढिलो चल्न थाल्छ। मलाई यो वैज्ञानिक हो कि होइन थाहा छैन, तर त्यो दिन र त्यसपछिका केही दिनको अनुभव हो यो मेरो।

भोकलाई जबरजस्ती सम्हाल्दा मलाई निद्रा लाग्न लागेछ। मेरो निद्रा खुल्दा म सहरमा थिएँ, काठमाडौँ सहर। मनमा झन् डर लागेर आयो, बेलुकाको पाँच बज्न लागेको थियो। सडक चौडा थियो, एउटा सडकबाट सवारी जान्थे अनि अर्कोबाट आउँथे, बिचमा बार थियो। एकछिन पर पुग्यो कि पुल आउँथ्यो, मलाई अचम्म लाग्थ्यो।

मेरो दिमागले केही सोच्न सकेन। समय बित्दै जाँदा बसमा मान्छे रित्तिन थाले। अब डर बढ्न लाग्यो। बस गुड्दै जाँदा जम्मा म र अरू तीन जना मान्छे मात्र बाँकी रहे। बस बसपार्कमा पुग्यो। ती तीन जना पनि झरे। म पनि झर्नै पर्ने भयो।

बसबाट झर्नसाथ मैले केही सोच्नै सकिनँ, यताउता हेरेँ। डरले मन चिसो भयो, के गर्ने के, केही थाहा छैन। थोरै पैसा थियो, त्यसले कता-कता अलि कति आँट चाहिँ दिएको थियो। अँध्यारो बढ्न लाग्यो, आकाश धुम्मिन लाग्यो। मैले माथि हेरेँ अनि भगवान् सम्झिएँ। डर र आँट साथी रहेछन्, त्यही बेला थाहा भयो। म बसपार्कबाट बाहिर निस्किएँ।

# एक मौन प्रेमकथा !



• नमु कोइराला

आइसियुको त्यो चिसो हावाले मेरो हड्डी भित्रको मासी समेत जमाएको जस्तो महसुस भएर आयो। यो कोठाले मलाई ५०-५५ वर्षअघि फर्काएर लग्यो, जब म युवा थिएँ र उनीसँग जीवनको सबैभन्दा मिठो, गहिरो र सुन्दर भेट भएको थियो।

हो, उनै संज्ञा अहिले यहाँ सजीवता र निर्जीवताको दोसाँधमा सुतिरहेकी थिइन्। उनका दुई छोरा र श्रीमान् मलिन तथा विवश अनुहार लिएर बाहिर कुरिरहेका थिए। म सकिनसकी एक जना छिमेकी तथा टाढाका नातेदार समेत पर्ने भाइलाई भेट्न आएको थिएँ। भाइको छेवैको बेडमा उनै संज्ञा, अब जीवनको अन्तिम घडीसँग जुधिरहेकी थिइन्। मलाई महसुस भयो, मानौँ आफूले जीवनभर सम्झेको अनुहार अन्तिम पटक देख्दै छु। मेरो मन र मस्तिष्क ५०-५५ वर्ष अघिको पूर्व स्मृतिमा रुमलिन थाल्यो।

हामीले कति पटक भेटेका थियौँ र? तीन पटक, चार पटक? तर त्यो प्रेम, त्यो आकर्षण यस्तो तीव्र ज्वाला थियो, जसले मेरो सम्पूर्ण यौवनलाई प्रकाशित पारेको थियो। जवानीमा विवाहका लागि थुप्रै प्रस्तावहरू आएका थिए तर मसँग उपयुक्त कन्यामा हुनुपर्ने गुणहरूको यति लामो सूची थियो, जुन सूचीले पूर्ण हुने कहिल्यै अवसर पाएन र मैले अविवाहित नै रहने निर्णय गरेँ।

जब मैले उनलाई पहिलो पटक देखेँ, उनी विवाहित थिइन्। सायद मभन्दा उमेरले केही बढी, साथै दुई साना छोराकी आमा। म एउटा कलेज जाने युवक। हरेक पटक उनीसँग भेट्दा एउटा अद्वितीय चुम्बकीय आकर्षण जस्तो, मानौँ कि गुरुत्वाकर्षण शक्तिभन्दा हजारौँ गुणा शक्तिशाली एउटा तरङ्ग महसुस हुन्थ्यो। मैले हरेक पटक आफ्नो मनलाई भुलाउन तथा संयमित रहन धेरै नै अथक प्रयत्न गर्नुपर्थ्यो।

हरेक पटक उनीसँग भेटेपछि भगवानसँग प्रार्थना गर्नुपर्थ्यो, 'हे प्रभु, मलाई फेरि कहिले उनीसँग भेट नगराउनुहोस्। यो प्रेम अकल्पनीय छ, अपूरणीय छ र उनको परिवार र मेरो भविष्यलाई तहसनहस पार्न मात्र पर्याप्त छ।'

उनीसँग हरेक भेट जति रोमाञ्चक हुन्थ्यो, त्यसपछिको विचारको ज्वारभाटाहरूले मलाई त्योभन्दा पनि कैयौँ गुणा बढी पीडा दिने गर्थे। र मैले कैयौँ रात सिरानी भिजाउने गरी मनको पीडा आँसुमार्फत पखाल्नु पर्थ्यो।

म उनको छेउको कुर्सीमा बसेँ। मैले एकटक उनलाई हेरिरहेँ, जसरी हेर्ने चाह मेरो जीवनभरि थियो। 'एक पटक आँखा हेर संज्ञा,' मैले मनमनै उनलाई पुकारे। अनि हो, त्यही भयो। उनले बिस्तारै आँखा खोलिन्, मेरो मनको भाव सुने जस्तै गरी र त्यो नजर ५० वर्ष पुरानो त्यही क्षणमा गएर रोकियो, त्यही पहिलो भेटमा। ती तिनै गहिरा र विशाल आँखा थिए, जसले मेरो मनलाई खै कसरी पहिलो भेटमा कैदी बनाइसकेका थिए।

'तपाईँलाई कस्तो छ संज्ञा?,' मैले सकिनसकी ओठमा मुस्कान ल्याउने प्रयत्नसाथ उनलाई सोधेँ। उनी केही बोलिनन्, एकछिन एकटक लाएर मेरो आँखामा हेरिरहिन्। अनि केवल 'ठिकै छ' को भावले टाउको हल्लाइन्।

'तपाईं... आउनुभयो?,' मानौँ उनका आँखा बोलिरहेका थिए, उनका ओठ थरथराइरहेका थिए।

'हो, आएँ,' मैले मनमनै भनेँ, 'तपाईंको पवित्र आत्माले मलाई बोलाइरहेको थियो।'

उनले मेरो कुरा सुनेझैँ, बुझेझैँ उनको ओठमा एउटा सूक्ष्म मुस्कान आयो। त्यो मुस्कानमा सम्पूर्ण अवाक् कथाहरू, भन्न नसकेका भावनाहरू समेटिएका थिए। हामीले जीवनभरि कहिल्यै कुनै कुरा गरेनौँ, कुनै जवाफ सोधेनौँ, हामीले खाली एकअर्कालाई हेरी मात्र रह्यौँ। त्यो हेराइ मात्रै जीवन बिताउन पर्याप्त रह्यो।

फर्केर हेर्दा, हामी दुवै आफ्नो आफ्नो जिन्दगीमा सफल भयौँ। म एउटा सफल इन्जिनियर बनेँ, धेरै यात्रा गरेँ। उनी प्रसिद्ध शिक्षिका बनिन्। उनका छोराहरू पनि ज्ञानी तथा असल व्यक्तित्व बने। तर हरेक पटक कसैको मुखबाट उनको नाम सुन्दा वा कहिलेकाहीँ अखबारमा उनको फोटो देख्दा मेरो हृदय बेजोडसँग उनीसँग भेट्दा जस्तै धड्किन्थ्यो। त्यसपछाडि म आफ्नो मनलाई शान्त पार्न श्रीमद भागवत गीताको श्लोक पढ्थेँ-

'योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय।

सिद्ध्यसिद्ध्योः समो भूत्वा समत्वं योग उच्यते।।'

(हे अर्जुन, आशक्तिलाई त्यागेर, सफलता र असफलतामा समभाव राखी, योगमा स्थिर भएर कर्म गर।)

मैले उनीप्रतिको आशक्तिलाई त्यागेर आफ्नो धर्म (कर्म) मा मन लगाउने प्रयास गरेँ।

अब यो आइसियुको कोठामा उनको अन्तिम समयमा सबै कुरा व्यर्थ लागिरहेको थियो। सायद उनी मेरो जीवनको आशक्ति नभएर सबैभन्दा ठुलो प्रेरणा दिइन्। सायद उनको प्रेम आशक्तिभन्दा धेरै माथि एउटा व्यग्रता थियो, जसले मलाई सफल व्यक्ति बन्न सधैँ प्रेरित गऱ्यो।

उनका हातका औँलाहरू थरथराएझैँ गरे, मानौँ ती औँलाहरू मेरा हातका औँलाहरूलाई स्पर्श गर्न खोजिरहेका छन्। मैले उनको हात समातेँ। 'मैले... सधैँ..' मेरो आवाज लगभग ब्रह्माण्डमा अदृश्य रूपमा तरङ्गित भइरहेको थियो। उनका ओठहरू थरथराइरहेका थिए। मानौँ तिनीहरू मौन स्वीकृति जनाइरहेका थिए। 'मलाई थाहा छ। मलाई सधैँ थाहा थाहा थियो तर म परिबन्धमा थिएँ,' उनको मौनताले स्वीकारोक्ति दिइरहेको थियो।

म अब आँसु रोक्न असमर्थ भएँ।

त्यसपछि उनको अनुहार अकस्मात् प्रकाशित भएर आयो, एउटा अद्भुत शान्ति छायो। मानौँ कि ५०-५५ वर्षअघिदेखि बोकिरहेको एउटा गम्भीर पीडा मुक्त भयो। उनका आँखा बिस्तारै बिस्तारै बन्द भए। मेसिनमा झर्को लाग्दो आवाज र मोनिटरमा विचित्रका रेखाहरू कोरिन थाले। मैले केही बेर उनलाई हेरिरहेँ। कतै ती सुन्दर आँखा खुलिहाल्छन् कि भनेर, तर अहँ! ती नयन खुलेनन्।

नर्स तथा डाक्टरहरूको संज्ञाको बेड छेउ दौडधुप हुन थाल्यो। म पनि भाइलाई चाँडै ठिक हुनु भनेर बाहिर निस्केँ।

घर फर्केर पनि मैले उनीबाट आफ्नो ध्यान हटाउन सकिनँ। उनकै मुहार, उनकै झल्को आँखामा आइरह्यो। उनको बुढ्यौलीको अनुहार पनि कति सुन्दर, कति चित्ताकर्षक। मैले उनी मुस्कुराउँदा आँखाको कुनामा देखा पर्ने चाउरी सम्झेँ। 'कति सुहाएको!' म मनमनै फुसफुसाएँ।

भोलिपल्ट फेरि म संज्ञाको एक झल्को पाउन पाइन्छ कि भन्ने आसमा भाइलाई भेट्ने बहाना बनाउँदै आइसियुको त्यही कक्षमा छिरेँ। उनीलाई भेन्टिलेटरमा राखिएको रहेछ। शरीरमा धेरै थरीका तारहरू जेलिएका रहेछन्। उता मेरो भाइको स्वास्थ्यमा निकै सुधार आइसकेको रहेछ। भोलिपल्ट यही अवस्था रहेमा अस्पतालबाट डिस्चार्ज गर्ने सल्लाह भइरहेको रहेछ।

'दाजु, भोलि पनि आउनुस् है, सँगै घर जानुपर्छ,' भाइले भन्यो।

'हुन्छ नि बाबु, म आउँछु,' मैले स्वीकृति जनाएँ।

अर्को दिन किन-किन बिहानैदेखि मन गह्रुँगो भइरहेको थियो। म सकिनसकी ओछ्यानबाट उठेँ। मन नलागी नलागी दुई घाँस खाना खाएर अस्पतालतिर लागेँ। भाइको डिस्चार्ज गरियो। मैले छेउमा रहेकी संज्ञालाई हेरेँ। मनमा हजारौँ किसिमका तरङ्गहरू चलिरहेका थिए।

'मेरी प्यारी संज्ञा, मेरो मुटुभरिको माया तिमीलाई,' मैले मनमनै भनेँ।

एक्कासि उनको शरीरमा हल्का कम्पन आयो। भेन्टिलेटरमा विभिन्न थरीका आवाज र बत्तीहरू बल्न थाले। उनको छेउमा रहेको मोनिटरमा चलिरहेका रेखाहरू अब एउटै सिधा रेखामा बदलियो। उनीलाई केही क्षणमा मृत घोषणा गरियो।

उनी गइन्।


म उठेँ। मैले उनलाई फेरि एक पटक फर्केर हेरेँ। कति शान्त, कति सौम्य अनुहार।

उनी मेरो जीवनभरिको प्रेमिका जससँग म कहिल्यै बोलिनँ, जसका लागि कहिल्यै विवाह गरिनँ, कहिल्यै एक साथ बसिनँ तर जसको स्मृतिले मात्रै मेरो सम्पूर्ण जीवनलाई अर्थपूर्ण बनायो।

बाहिर निस्किँदै गर्दा मेरो मनमा अंग्रेजी कवि विलियम बटलर एट्सको एउटा पङ्क्ति याद आयो- बिस्तारै हिँड, किनभने तिमी मेरा सपनाहरूमा हिँडिरहेका छौ।

उनी नै मेरो सपना थिइन् र अब उनी सधैँको लागि मेरो स्मृतिको महाकाव्य पनि। मेरा आँखामा अनवरत आँसु बगिरहे तर मनमा अपार शान्ति थियो। पाँच दशकको निस्वार्थ तथा अनिश्चित प्रेम अन्त्यमा मिलनमा परिणत भएको थियो। एउटा मौन बिदाइमा, जुन हजारौँ शब्दभन्दा शक्तिशाली थियो। यथार्थमा साँचो प्रेम मृत्युभन्दा हजारौँ गुणा शक्तिशाली र शाश्वत हुँदो रहेछ ।

# भावनाको लडाइँ पढेपछि.......



• दुर्गाप्रसाद सिग्देल

देशकै प्रमुख पर्यटकीय क्षेत्र कास्कीको सुगमस्थलमा जन्मनु भई हाल पोखरा नगरमा बसोबास गर्दै आउनु हुने कवि श्री माधव बियोगी युवा अवस्थामा साहित्य क्षेत्रमा प्रवेश गरि हालसम्म नेपाली साहित्यको श्रीवृद्धिको लागि निरन्तर कलम चलाउने स्रष्टा हुनुहुन्छ । विशेष गरेर छन्द लेखन विधालाई उच्च प्राथमिकतामा राखि छन्द बचाउ अभियान २०५३को अग्र भूमिकामा रही जनसमक्ष खच्किँदै गइरहेको छन्द साहित्य विधालाई पुनः जागृत गर्न कलम चलाइरहनु भएको छ । साहित्य क्षेत्रमा रुचि राख्ने काव्यिक जगतमा छन्द अभियान सञ्चालन गरि आउनु हुने श्री माधव वियोगीका हालसम्म प्रकाशित कविता सङ्ग्रह र महाकाव्य गरि ४२ वटा कृतिहरू छन् । जसमध्ये सर्वप्रथम प्रकाशित (हाल परिमार्जनसहितको दोस्रो संस्करण) भावनाको लडाइँ कविता सङ्ग्रह २०४३ सहित पुस्तकहरू केही महिनाअघि स्रष्टा स्वयंबाट प्रेशित हुलाकमार्फत प्राप्त भएको थियो । प्राप्त पुस्तकहरू अध्ययन गर्ने शुभ अवसर प्राप्त भयो । यसको लागि सर्जक कविवरप्रति आभारी छु । युवा जोश जाँगर लगाएर २०३८ सालमै सिर्जना गरिएको लाहुरे लोक काव्य तयार भइसक्दा नसक्दै छन्द लेखनतर्फ मन बढेपछि लाहुरेलाई थाती राखेर २०४५ सालमा यो छन्दवद्ध कविता सङ्ग्रह भावनाको लडाइँ प्रथम प्रकाशन हुन पुगेको कुरा स्वयं लेखकको यसै सङ्ग्रहमा प्रकाशित तीता मीठा कुरा पढ्दा अवगत भयो । २०८० सालमा आएर दोस्रो संस्करण हुँदै आएको यो पुस्तकमा आवरण पृष्ठबाहेक ३३ पृष्ठमा विभिन्न छन्द र लोक छन्दमा सिर्जना गरिएका ३७ थान कविताहरू पढ्न पाइन्छ । वियोगीका कविताहरूमा राष्ट्रप्रेम, राजभक्ति र जनताको उत्तरोत्तर अभ्युत्थानका पवित्र उद्गारहरू पाइन्छन् । प्रथम संस्करणको शुभकानाका दुई शब्दमा प्रतिभाशाली नवयुवक कवि वियोगीको उत्तरोत्तर प्रगतिको लागि हार्दिक कामना गर्दछु भनी मुकुन्द शरण उपाध्यायले १९ असार २०४५ मा शुभकामना दिनु भएबाट पुष्टि पनि हुन्छ । साथै भावनाको लडाइँ हेर्दा नामक शीर्षकमा कृष्णप्रसाद बाँस्तोलाज्यूबाट कविजीको कलमले अझ गहकिला रचनाहरूको सिर्जना गर्न सफल होस् भन्ने शुभेच्छा व्यक्त भएको छ । माधव वियोगी वाङ्मय प्रतिष्ठान नेपालका सचिव छन्दमणि त्रिपाठीज्यूले पुस्तकलेखन सम्बन्धी आफूलाई लागेका कुरासहित प्रकाशकीय लेख्नु भएको छ ।

तीता मीठा कुरा शीर्षक राखेर स्वयं लेखकले पुस्तकको आकार प्रकार र पहिलो प्रकाशनमा भएका सामान्य त्रुटिहरू सच्याएर दोस्रो प्रकाशनमा केही पानाका खाली स्थानमा मुक्तकहरू थपेर प्रकाशनमा ल्याएँ भनी उल्लेख गर्नुका साथै उहाँले आफूबाट आफ्ना कुनै पनि पुस्तकहरू बिक्री नगर्ने र विशुद्ध साहित्यिक पाठकसामु पुऱ्याउने भावना व्यक्त गर्नु भएको छ। पुस्तकको आवरण आफैँ लेखकले तयार गरिएको भनी उल्लेख गरिएको छ भने पछिल्लो भागमा कविको परिचय प्रस्तुत गरिएको छ।

विभिन्न शीर्षक र समयलाई हेरी




काव्यिक नदका छालमा उर्लिएका विचारलाई यस पुस्तकमा, कविताको रूपमा पस्कने क्रममा आफूले सर्वप्रथम शार्दूलविक्रीडित छन्दमा रचना गरेको आषाढ महिनालाई किसानहरूको दुःख दर्द र अभावका बिचमा जीवनयापनको दुखेसोलाई प्रस्तुत गर्नु भएको छ यो एक श्लोक जस्ताको जस्तै उद्धरण गरिएको छ ।

"यो मेरो घरमा कडा विरहको वर्षा भयो हर्दिन
आफ्ना दुःख सबै भनेर मन यो हल्का गरौँ सक्तिन
जे जे छन् मनमा विचार सब नै भन्ने विचारै भयो
मेरो जीवन यो असार महिना जस्तै बनी रल्लियो"

पर्यावरण र जैविकताको संरक्षण गर्नू आफ्नै शरीरलाई उपचार गरे सरह हो । यी हाम्रा वन उपवन बचे भने देश र जनता दुबैको कल्याण हुनेछ
भन्ने भावमा अनुष्टुप छन्दमा यसरी प्रस्तुत हुनु भएको पाएँ ।

"वन हो आयको स्रोत वनले देश बन्दछ
वन छैन भने के छ उजाड देश बन्दछ
खेल्दछन् वनमा डाँफे कोइली र मयुरले
काटेमा वनका वृक्ष पाप लाग्छ अचम्मले "

देश, काल र परिस्थितिलाई कवि मनले आफ्ना र कालजन्य कविता हर्ष र विस्मतका समयमा पनि देखेका बुझेका कालखण्डलाई भावना, दर्शन र स्वविचार समेत भावनात्मक रूपमा आफ्नै शैलीमा गालेर वार्णिक प्रकारको स्वादिष्ट परिकार पाठकका निम्ति पस्कने लेखकहरूमा विशेषता पाइन्छन् । कवि वियोगीको पनि यस्तै प्रकारको कवि शीर्षकको कविता सुनौँ ।

" कैले क्या हसिलो मुहार कविको कैले छ च्यासेपन
कैले पागल बन्छ यो र कहिले विद्वान जस्तै मन लेख्छन् क्या रसिला अनेक कविता हाँसो र रोदन् भरी
अर्कैका स्वरमा परेर कविता बोली अनेकौं गरी।"

कवि मनले गीत तथा कविताका लेखनबाट देश, जनता र शासकवर्गलाई मार्गदर्शन, देशप्रेम र रक्षाका लागि वीर जवानलाई उत्साहप्रद विभिन्न छन्द र शैलीमा जीवन उपयोगी उद्गारहरू जनसमुदायमा पेश गरि समाजमा स्थापित भएका कैयौ उदाहरणहरू पाइन्छन् । यस्तै यौटा लोक छन्दमा सिर्जना गरिएको वीर सन्तानलाई देश रक्षाका निमित्त समर्पित कविताका दुई श्लोक ।

"मरेको छैन त्यो इतिहास त्यो नालापानीको
यो अविनाशी शक्तिका सामु आछैन घातीको
पहाडी हावा र पानी पिउने नेपाली वीर हो
विधिको छत्र छाँयामा बस्ने नेपाली वीर हो ॥

यो मातृभूमि वीरको कोख उज्वल पारेर
नेपाली शिर छ उच्च राख्ने अगाडि बढेर
यै धर्तीभित्र जन्मेको छोरो यसैमै मर्दछ
अस्तित्व अनि गौरव राख्न सिर्जना गर्दछ।।"

नीति आचरण र क्षमताको सदुपयोग गरि सेवा नै धन हो भन्ने भावनामा रहि कुभाव परित्याग

❖ बाँकी अन्तिम पृष्ठमा


## सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरूको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गसाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अधि बढ्नेछ ।

**मीन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ